वर्ष २१ । अंक ११ । काठमाडौं । सोमवार, ३० भदौ २०८२ । Monday, 15 September 2025 । पृष्ठ ८ । मूल्य रु. १०

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

**Universal Power Company Limited**
# यूनिभर्सल पावर कम्पनी लिमिटेड
ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर-११, काठमाडौं
फोन: ०१-५३५१४६३

# वार्षिक साधारण सभाको सूचना

**प्रथम पटक प्रकाशित मिति भदौ ३०, २०८२**

उपरोक्त सम्बन्धमा यस कम्पनीको भदौ २९, २०८२ गते बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त वार्षिक साधारण सभामा आफै उपस्थित हुन वा आफ्नो प्रतिनिधि मनोनयन गरी पठाई भाग लिन हुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।

**१. सभा हुने मिति, समय र स्थान :**

**मिति** : आश्विन २३, २०८२ (अक्टोबर ०९, २०२५)

**समय** : बिहानको १०:००, बिहीबार

**स्थान** : दरबार रेष्ट्रो होटेल एण्ड पार्टी भेन्यू, तीखेदेवल, ललितपुर ।

**२. छलफलको विषय :**

**१. साधारण प्रस्तावहरु**

क) आ.व. २०७९/८०, आ.व. २०८०/८१ र आ.व. २०८१/८२ को संचालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य छलफल गरी पारित गर्ने ।

ख) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी अनुमोदन गर्ने ।

ग) आ.व. २०८०/८१ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

घ) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी अनुमोदन गर्ने ।

ङ) आ.व. २०८१/८२ को लागि नियुक्त लेखा परिक्षक तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

च) लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

छ) आ.व. २०८२/८३ को लागि लेखा परिक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

ज) कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम २ जना संचालकहरुको निर्वाचन गर्ने ।

झ) स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

ञ) कर प्रयोजनको लागि चुक्ता पुंजीको ०.४७३७ प्रतिशत नगद लाभांश स्वीकृत गर्ने ।

**२. विशेष प्रस्तावहरु**

क) कम्पनीको प्रबन्धपत्र संशोधन गर्ने ।

ख) चुक्ता पुंजीको ९ प्रतिशत बोनस शेयर (कर बाहेक) जारी गर्ने ।

ग) विशेष प्रस्ताव नं (ख) बमोजिम बोनस शेयर जारी गरे पश्चात् कायम हुने चुक्ता पूंजीको १०० प्रतिशत अर्थात् १:१ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो सम्बन्धमा आवश्यक कार्यका लागि संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

घ) नियमक निकायहरुको निर्देशनमा प्रबन्धपत्रको प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. विविध

## साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका बिहान ९:०० बजे देखि खुल्ला रहने छ।

२. वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति आश्विन ०८, २०८२ एक दिन बन्द रहने छ। शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति आश्विन ०७, २०८२ सम्म कायम रहेका शेयरधनीहरु वार्षिक साधारण सभामा भाग लिनका लागी योग्य हुनेछन्।

३. संगठित संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रोक्सी कम्पनीको शेयरधनी हुनपर्नेछ। संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिलो नाम उल्लेख भएको शेयरधनी वा सर्वसम्मत् बाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ।

४. सभामा भाग लिनको लागी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले कम्पनीको अर्को शेयरधनीलाई कम्पनीको प्रतिनिधि (प्रोक्सी) फारम भरी आश्विन २१, २०८२ दिउँसो ३:०० बजे भित्र यस कम्पनीको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

५. साधारण सभा हुने मिति भन्दा कम्तिमा ४८ घण्टा अगाडि निर्वाचन अधिकृतको कार्यालय तोकिनेछ। सञ्चालकको निर्वाचन सम्वन्धी विस्तृत जानकारीका लागी निर्वाचन अधिकृतको कार्यालयमा सम्पर्क राख्नुहुन जानकारी गराईन्छ।

६. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ।

७. आफ्नो परिचय पत्र (सरकारी कार्यालयबाट जारी भएको) वा शेयर अभौतिकीकरण गरेको व्यक्ति नै देखिने हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश गर्न पाइनेछ।

८. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनु हुने शेयरधनीहरुले मिति आश्विन २१, २०८२ दिउँसोको २:०० बजे सम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनुपर्ने छ। लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन्।

**संचालक समितिको आज्ञाले**

**(कम्पनी सचिव)**